# प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना** : नेपालको संविधानको धारा १९६ बमोजिम प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा १७५ बमोजिमको प्रदेश सभाले यो ऐन बनाई लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "उपसभामुख" भन्नाले प्रदेश नं. १ को प्रदेश सभाको उपसभामुख सम्झनु पर्छ ।

(ख) "पदाधिकारी" भन्नाले सभामुख, उपसभामुख, प्रमुख प्रतिपक्षी दलको नेता, सत्ता पक्षको प्रमुख सचेतक, प्रमुख प्रतिपक्षी दलको प्रमुख सचेतक, प्रतिपक्षी दलको नेता, सत्तापक्ष दलको सचेतक र प्रदेश सभा समितिका सभापति समेतलाई सम्झनु पर्छ ।

(ग) "प्रदेश" भन्नाले नेपालको संविधानको अनुसूची-४ बमोजिमको प्रदेश नं. १ सम्झनु पर्छ ।

(घ) "प्रमुख प्रतिपक्ष दलको प्रमुख सचेतक" भन्नाले खण्ड (ख) बमोजिमको विपक्षी दलको नेताले विपक्षी दलको प्रमुख सचेतक भई काम गर्न तोकेको सदस्य सम्झनु पर्छ ।

(ङ) "प्रमुख प्रतिपक्षी दलको नेता" भन्नाले मन्त्रिपरिषद् गठन गर्ने वा मन्त्रिपरिषद् गठन गर्न समर्थन गर्ने दल बाहेक प्रदेश सभामा बढी सदस्य संख्या भएको दलका सदस्यहरुले आफू मध्येबाट दलको नेताको रुपमा निर्वाचित गरेको सदस्यलाई सम्झनु पर्छ ।

(च) "प्रतिपक्षी दलको नेता" भन्नाले मन्त्रिपरिषद् गठन गर्ने वा मन्त्रिपरिषद् गठन गर्न समर्थन गर्ने दल बाहेक प्रदेश सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलका सदस्यहरुले आफू मध्येबाट दलको नेताको रुपमा निर्वाचित गरेको सदस्य समेत सम्झनु पर्छ ।

(छ) "सचिवालय" भन्नाले प्रदेश सभाको सचिवालय सम्झनु पर्छ ।

(ज) "सत्ता पक्षको प्रमुख सचेतक" भन्नाले मन्त्रिपरिषद् गठन गर्ने दल वा मन्त्रिपरिषद् गठन गर्न समर्थन गर्ने दलको संसदीय दलको नेताले सो दलको प्रमुख सचेतक भई काम गर्न तोकेको सभाको सदस्य सम्झनु पर्छ र सो शब्दले सचेतक भई काम गर्न सम्बन्धित सत्ता पक्षको दलले तोकेको सदस्य समेतलाई जनाउँछ ।

(झ) "सदस्य" भन्नाले मन्त्री वा पदाधिकारी बाहेकका प्रदेश सभाका सदस्य सम्झनु पर्छ ।

(ञ) "सभापति" भन्नाले प्रदेश सभाको कुनै पनि समितिको सभापति सम्झनु पर्छ ।

(ट) "सभामुख" भन्नाले प्रदेश सभाको सभामुख सम्झनु पर्छ ।

(ठ) "समिति" भन्नाले प्रदेश सभा कार्य सञ्चालन नियमावली बमोजिम गठन हुने विषयगत समितिलाई सम्झनु पर्छ र सो शब्दले विशेष समितिलाई समेत जनाउँछ ।

३. <u>पारिश्रमिक</u> : (१) पदाधिकारी र सदस्यले आफूले शपथ ग्रहण गरेको मिति देखि अनुसूची–१ मा उल्लेख भए बमोजिमको पारिश्रमिक पाउनेछ।

तर, चरम आर्थिक विश्रृंखलताका कारण प्रदेशमा संकटकाल घोषणा भएको अवस्थामा सो अवधिसम्मका लागि यो व्यवस्था लागू हुने छैन ।

(२) कुनै पदाधिकारी वा सदस्यको पदावधि समाप्त नहुँदै निजको मृत्यु भई वा निजले राजीनामा दिई वा प्रदेश सभा विघटन भई निज आफ्नो पदमा कायम नरहेमा त्यस्तो पदाधिकारी वा सदस्यको सदस्यता कायम रहेको दिनसम्म पाउने पारिश्रमिकको अतिरिक्त एक महिनाको पारिश्रमिक बराबरको थप रकम दिइनेछ ।

तर, पदाधिकारीले पाउने पारिश्रमिक बाहेकको सुविधाको हकमा निज आफ्नो पदमा बहाल रहेको मितिसम्मको लागि मात्र त्यस्तो सुविधा उपलब्ध गराइनेछ ।

(३) उपदफा (२) बमोजिम पारिश्रमिक पाउने पदाधिकारी वा सदस्यको मृत्यु भएमा निजले पाउने बाँकी पारिश्रमिक निजले इच्छाएको व्यक्तिलाई दिइनेछ । पदाधिकारी वा सदस्यले कसैलाई इच्छाएको रहेनछ वा इच्छाएको व्यक्ति जीवित रहेनछ भने त्यस्तो रकम निजको नजिकको हकवालालाई दिइनेछ ।

(४) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि योग्यता नपुगेको कारणबाट कुनै पदाधिकारी वा सदस्य आफ्नो पदमा कायम नरहेमा त्यस्तो पदाधिकारी वा सदस्यलाई उपदफा (२) बमोजिमको रकम दिइने छैन ।

४. <u>बैठक भत्ता</u> : (१) पदाधिकारी र सदस्यले प्रदेश सभा वा कुनै समितिको बैठकमा भाग लिएको प्रत्येक दिनको लागि बैठक भत्ता बापत अनुसूची–१ बमोजिमको रकम पाउनेछ ।

तर, प्रदेश सभा वा समितिको बैठक एकै दिन बसेकोमा पदाधिकारी र सदस्यले एक बैठकको मात्र बैठक भत्ता पाउनेछ ।

(२) आफ्नो स्थायी बासस्थानबाट प्रदेश सभाको अधिवेशनमा भाग लिन आउँदा र भाग लिएर आफ्नो बासस्थान भएको क्षेत्रतर्फ फर्कंदा पदाधिकारी र सदस्यले अनुसूची-१ बमोजिमको दैनिक भ्रमण भत्ता र यातायात खर्च पाउनेछ ।

तर, त्यस्तो भत्ता र यातायात खर्च एक अधिवेशनमा एक पटक मात्र पाउने छ ।

५. <u>आवास सुविधा</u> : (१) प्रदेश सरकारले सभामुख र उपसभामुखलाई आवासको निमित्त सरकारी आवासको बन्दोबस्त गर्नेछ ।

(२) उपदफा (१) बमोजिम सरकारी आवासको बन्दोवस्त नभएको र प्रदेशको केन्द्र वा राजधानीमा आफ्नो उपयुक्त घर नभएको खण्डमा उपसभामुखलाई अनुसूची-१ मा उल्लेख भए बमोजिमको रकम आवास सुविधा वापत दिइनेछ ।

(३) उपदफा (१) बमोजमको आवासको लागि आवश्यक पर्ने फर्निचरको व्यवस्था प्रदेश सरकारले गर्नेछ ।

(४) उपदफा (२) बमोजिमको आवासको लागि अनुसूची-१ बमोजिमको रकम फर्निचर वापत दिइनेछ ।

(५) उपदफा (१) बमोजिम बन्दोवस्त भएको घर कम्पाउण्डको मर्मत र सम्भार खर्च प्रदेश सरकारले व्यहोर्नेछ ।

(६) उपदफा (२) बमोजिमको मर्मत र सम्भार खर्च वापत प्रदेश सरकारले तोके बमोजिमको रकम दिइनेछ ।

(७) सभामुख र उपसभामुख बाहेक अन्य पदाधिकारी र सदस्यले आवास सुविधा तथा फर्निचर वापत अनुसूची-१ मा उल्लेख भए बमोजिमको रकम पाउनेछ ।

(८) पदाधिकारी वा सदस्यले यस दफा बमोजिम पाउने सुविधा आफ्नो पदावधि समाप्त भएको मितिले सात दिन सम्म पाउनेछ ।

६. <u>सवारी साधन तथा इन्धन सुविधा</u> : (१) अनुसूची–१ मा उल्लेख भए बमोजिमको पदाधिकारीलाई चालक सहितको सवारी साधन, सवारी इन्धन र मोबिल उपलब्ध गराइनेछ ।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराइएको सवारी साधनको मर्मत र सम्भार प्रदेश सरकारले व्यहोर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्राप्त हुने इन्धन र मोबिलको बिल भौचर बुझाउनु पर्ने छैन ।

(४) यस दफा बमोजिम पाएको सुविधा पदाधिकारीले आफ्नो पदावधि समाप्त भएको मितिले सात दिन सम्म पाउनेछ ।

(५) अनुसूची-१ मा उल्लेख भएका पदाधिकारी तथा सदस्यलाई यातायात खर्च रकम सुविधा बापत दिइनेछ ।

(६) सवारी सुविधा उपलब्ध नगराइएको सदस्यलाई प्रदेश सभाको वा कुनै समिति वा उपसमितिको बैठकमा भाग लिएको प्रत्येक दिनको निमित्त यातायात सुविधा बापत अनुसूची–१ बमोजिमको रकम दिइनेछ ।

७. <u>बिजुली, धारा र सञ्चार सुविधा</u> : पदाधिकारी तथा सदस्यलाई धारा, बिजुली, टेलिफोन महशुल, इन्टरनेट र पत्रपत्रिका बापत अनुसूची-१ बमोजिमको सुविधा दिइनेछ ।

८. <u>निजी सचिवालय र कर्मचारीको व्यवस्था</u> : आफ्नो कार्यकालभरको निमित्त पदाधिकारी तथा सदस्यले अनुसूची–२ मा उल्लेख भए बमोजिमको निजी सचिवालय बन्दोवस्त सुविधा, कर्मचारी सुविधा तथा अन्य सुविधा पाउनेछ ।

९. <u>दैनिक तथा भ्रमण भत्ता</u> : प्रदेश सभाको कामको सिलसिलामा स्वदेश वा विदेशमा भ्रमण गर्दा पदाधिकारी र सदस्यलाई अनुसूची-१ बमोजिमको दैनिक तथा भ्रमण भत्ता तथा बिमा सुविधा दिइनेछ ।

१०. <u>उपचारको व्यवस्था</u> : (१) पदाधिकारी र सदस्यलाई सचिवालयमा सामुहिक रुपमा प्रदेश सरकारले तोकेको एकजना चिकित्सकको निःशुल्क उपचार सेवा उपलब्ध गराइने छ ।

(२) उपदफा (१) बमोजिमको चिकित्सकले अस्पतालमा भर्ना भई उपचार गराउनु पर्ने भनि सिफारिश गरेको पदाधिकारी वा सदस्यले सरकारी वा सामुदायिक अस्पतालमा भर्ना भई औषधि उपचार गराएमा त्यसरी उपचार गराउँदा लागेको प्रेसक्रिप्सन तथा बिल बमोजिमको खर्च सचिवालयबाट व्यहोरिनेछ ।

(३) उपदफा (२) बमोजिमको उपचार खर्च वापतको रकम सचिवालयले पदाधिकारी तथा सदस्य वा भर्ना भएको अस्पताललाई भुक्तानी गर्नेछ ।

११. <u>दृष्टिविहीन र अशक्त पदाधिकारी वा सदस्यलाई विशेष सुविधा</u> : (१) कुनै पदाधिकारी वा सदस्य दृष्टिविहीन वा शारीरिक रुपले अशक्त भई हिँडडुल गर्न निजलाई सहयोगीको आवश्यकता छ भन्ने कुरा सभामुखलाई लागेमा सभामुखको आदेशमा त्यस्तो पदाधिकारी वा सदस्यलाई एकजना सहयोगी राख्न दिइनेछ ।

तर, त्यस्तो सहयोगी सभाको बैठक कक्षमा बस्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिमको सहयोगीलाई देहाय बमोजिमको सुविधा प्राप्त हुनेछ :–

(क) <u>दैनिक भत्ता:</u> पदाधिकारी वा सदस्यले पाउने दैनिक भत्ताको आधा,

(ख) <u>भ्रमण भत्ता:</u> पदाधिकारी वा सदस्यले भ्रमण गर्दा पाए सरहको सुविधा ।

१२. <u>बिल भरपाई इत्यादि पेश गर्नु पर्ने</u> : (१) भ्रमण भत्ताको भुक्तानीको निमित्त पहिलो पटक अधिवेशनमा आउँदाको हवाईजहाज वा बसको टिकट बापत भएको खर्चको बिल भरपाई र पैदल भ्रमण गरेकोमा आफूले भ्रमण गरेको कोष प्रमाणित गरिएको निस्सा भ्रमण बिलको साथ पेश गर्नु पर्नेछ ।

(२) भ्रमण खर्चमा परिवर्तन नभएसम्म उपदफा (१) बमोजिम एक पटक प्रमाणित बिल भौचर संलग्न भएको दैनिक तथा भ्रमण भत्ताको बिल बराबरको रकम दोस्रो पटक देखि सदन वा समितिको बैठकमा भाग लिन आउँदा जाँदाको लागि पनि दैनिक तथा भ्रमण भत्ता बापत एकमुष्ट खर्च लेखी सम्बन्धित पदाधिकारी वा सदस्यलाई प्रदेश सभाको सचिवालयले उपलब्ध गराउनेछ ।

१३. <u>पारिश्रमिक, भत्ता तथा सुविधा बापतको रकम भुक्तानी</u> : पदाधिकारी, सदस्य र स्वकीय सचिवले समेत यस ऐन बमोजिम पाउने पारिश्रमिक, भत्ता तथा अन्य सुविधा बापतको रकम प्रदेश सभाको सचिवालयबाट पाउनेछ र त्यस्तो रकम निजको बैंक खातामा जम्मा गरिनेछ ।

१४. <u>एउटा सुविधा मात्र पाउने</u> : (१) सरकारी कोषबाट निवृत्तभरण पाएको व्यक्ति पदाधिकारी वा सदस्यमा निर्वाचित वा मनोनीत भएमा त्यस्तो पदाधिकारी वा सदस्यले निवृत्तभरण वा यस ऐन बमोजिमको सुविधा मध्ये एउटा सुविधा मात्र पाउनेछ ।

<u>स्पष्टीकरण</u> : यस दफाको प्रयोजनको लागि "सरकारी कोष" भन्नाले देहायको कुनै कोष सम्झनु पर्छः–

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको संचित कोष वा अन्य सरकारी कोष,

(ख) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व भएको स्थानीय संस्थान, निगम, बोर्ड, प्राधिकरण, प्रतिष्ठान वा यस्तै कुनै निकायको कोष,

(ग) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त अनुदानबाट सञ्चालित कोष,

(घ) सार्वजनिक पद धारण गरेको व्यक्तिलाई निवृत्तभरण प्रदान गर्न प्रचलित कानून बमोजिम स्थापना भएको कोष ।

(२) सदस्यको रुपमा पाएको सुविधा पदाधिकारीले दोहोरो सुविधाको रुपमा पाउने छैन ।

१५. <u>पारिश्रमिक तथा सुविधा नपाउने</u> : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पदाधिकारी वा सदस्य सभाबाट निलम्बित भएमा त्यस्तो निलम्बित अवधिभर र फौजदारी अभियोगमा अदालतको आदेश बमोजिम थुना, कैद वा धरौटीमा रहेमा त्यसरी थुना, कैद वा धरौटीमा रहेको अवधिभरको लागि निजले यस ऐन बमोजिम पाउने पारिश्रमिक तथा अन्य कुनै सुविधा पाउने छैन ।

तर, निजको निलम्बन फूकुवा भएमा वा अदालतबाट सफाई पाएमा यस ऐन बमोजिमको पारिश्रमिक तथा अन्य सुविधा लिन बाधा पर्ने छैन ।

१६. <u>पेश्की</u> : (१) पदाधिकारी वा सदस्यले यस ऐन बमोजिम पाउने पारिश्रमिक र आवास सुविधा बापतको रकम पेश्कीको रुपमा माग गरेमा सोही आर्थिक वर्षभित्र फछ्र्यौट गर्ने गरी बढीमा एक महिनासम्मको पेश्की पाउन सक्नेछ ।

१७. <u>सुविधाको दुरुपयोग गर्न नहुने</u> : यस ऐनका विभिन्न दफाहरुमा उल्लेख भएका सुविधाहरु सम्बन्धित पदाधिकारी तथा सदस्य स्वयंले मात्र उपयोग गर्न पाउनेछ । सम्बन्धित पदाधिकारी तथा सदस्यले सुविधाको दुरुपयोग गरेमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

<u>स्पष्टीकरण</u> : यस दफाको प्रयोजनको लागि सुविधाको दुरुपयोग भन्नाले माथि दफा दफामा तोकिए भन्दा बढी सुविधा लिने, अन्य व्यक्तिलाई सुविधा दिने, योग्यता नपुगेका व्यक्तिलाई नियुक्ति दिने, गलत व्यक्ति वा कागजात खडा गरी सुविधा लिने, प्रदेश सरकारी धनमालको हानी नोक्सानी पुऱ्याउने लगायतका कार्यलाई बुझाउँछ ।

१८. <u>सुरक्षाको व्यवस्था</u> : प्रदेश सभाका सभामुख तथा उपसभामुखलाई आवश्यक पर्ने सुरक्षाको व्यवस्था प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

१९. <u>प्रदेश सभा सदस्यको शपथ:</u> (१) प्रदेश सभा सदस्यले प्रदेश सभा वा त्यसको कुनै समितिको बैठकमा भाग लिनुअघि प्रदेश सभाको अध्यक्षता गर्ने व्यक्ति समक्ष अनुसूची–३ बमोजिमको ढाँचामा शपथ लिनु पर्नेछ ।

तर, संविधानको धारा १८२ को उपधारा (५) बमोजिमको सदस्यले प्रदेश प्रमुख समक्ष शपथ लिनु पर्नेछ ।

(२) कुनै सदस्यले आफ्नो मातृभाषामा शपथ लिन चाहेमा त्यस्तो सदस्यले उपदफा (१) बमोजिमको शपथको व्यहोरा आफ्नो मातृभाषामा अनुवाद गरी सो अनुवादको प्रति प्रदेश सभा वा त्यसको कुनै समितिको पहिलो बैठकमा भाग लिनु तीन दिन अगावै प्रदेश सभा सचिवालयलाई उपलब्ध गराउनु पर्नेछ ।

(३) यस दफा बमोजिम सदस्यले शपथ लिए पछि आफूले लिएको शपथको प्रतिमा हस्ताक्षर गरी प्रदेश सभाको अध्यक्षता गर्ने व्यक्ति समक्ष पेश गर्नु पर्नेछ ।

(४) कुनै सदस्यले आफ्नो मातृभाषामा शपथ लिएकोमा सरकारी कामकाजको नेपाली भाषा र अन्य नेपाली मातृभाषाको शपथको प्रतिहरुमा हस्ताक्षर गरी प्रदेश सभाको अध्यक्षता गर्ने व्यक्ति समक्ष पेश गर्नु पर्नेछ ।

(५) यस दफा बमोजिम सदस्यले लिएको शपथको अभिलेख प्रदेश सभा सचिवालयले राख्नेछ ।

२०. <u>अनुसूचीमा हेरफेर गर्न सक्ने:</u> प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी पदाधिकारी वा सदस्यलाई मर्का नपर्ने किसिमबाट अनुसूचीमा हेरफेर गर्न सक्नेछ ।

२१. <u>बचाउः</u> यो ऐन प्रारम्भ हुनुभन्दा अघि प्रदेश मन्त्रिपरिषद्को निर्णय बमोजिम प्रदेश सभाका पदाधिकारी तथा सदस्यले यस ऐन बमोजिम हुने गरी पाएको सुविधा यस ऐनमा व्यवस्था भएको हदसम्म यसै ऐन बमोजिम भएको मानिनेछ ।

*द्रष्टव्य* :

**पदाधिकारी तथा सदस्य विदेश भ्रमण गर्दा पाउने दैनिक तथा भ्रमण भत्ता प्रयोजनका लागिः**

१. यूरोपियन मुलुकहरु, अष्ट्रेलिया, न्युजिल्याण्ड, अमेरिका, क्यानाडा, कुवेत, कोरिया, जापान, हङ्कङ्क, रुस, कतार, जाम्बिया, यू.ए.ई., सिंगापुर, लेवनान, बहराइनको भ्रमण गर्दा माथि उल्लिखित दरमा तेत्तीस प्रतिशत थप रकम दिइनेछ ।

२. बंगलादेशको ढाका, भारतको कलकत्ता, दिल्ली, मुम्बई, बैङलोर, हैदरावाद, चेन्नाई, चटगाउँ बाहेक अन्य स्थानमा रात विताउनु पर्दा माथि उल्लेखित दरको पचास प्रतिशत रकम मात्र दिइनेछ ।

३. विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट दैनिक भत्ता बापतको रकम उपलब्ध गराइएको अवस्थामा उल्लेखित दैनिक भ्रमण भत्ता बापतको रकम उपलब्ध गराइने छैन ।

४. विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट खाना बस्न र यातायात खर्च मात्र दिएको मा दैनिक भ्रमण भत्ताको पच्चिस प्रतिशत रकम उपलव्ध गराइनेछ ।

५. विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट बस्न मात्र उपलव्ध भएमा दैनिक भ्रमण भत्ताको तेत्तिस प्रतिशत रकम उपलव्ध गराइनेछ ।

६. विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट खाना मात्र उपलव्ध भएमा दैनिक भ्रमण भत्ताको छैसठ्ठी प्रतिशत रकम उपलव्ध गराइनेछ ।

७. पदाधिकारी वा सदस्यले नेपाल बाहिरको भ्रमण गर्दा सम्बन्धित राष्ट्र वा संस्थाले निर्धारण गरे बमोजिमको बिमा गर्दा लाग्ने शुल्क भुक्तानी दिइनेछ ।

<u>भ्रमण सम्बन्धी थप व्यवस्थाः</u>

(क) जिल्ला भ्रमण गर्नु पुर्व सभामुखबाट स्विकृति लिनु पर्ने,

(ख) भ्रमण खर्च मितव्ययी हुनु पर्ने,

(ग) एक जिल्लामा एक पटकमा दुई दिनभन्दा बढी नबस्ने व्यवस्था गर्ने र उपलव्ध भएसम्म सरकारी गेष्ट हाउसमा बस्ने प्रबन्ध गर्नु पर्ने तर हिमाली एवं दुर्गम पहाडी भेगको भ्रमणको सन्दर्भमा ३ दिन सम्म हुन सक्नेछ ।

(घ) अत्यावश्यक नपरि एक जिल्लामा महिनामा एक पटकभन्दा बढी भ्रमण नगर्ने,

(ङ) भ्रमणबाट फर्के पछि सभामुख समक्ष प्रतिवेदन पेश गरेर मात्र भ्रमण बिल भुक्तानी गरिने ।

अनुसूची -१

(दफा ३ को उपदफा (१), दफा ४ को उपदफा (१) र (२), दफा ५ को उपदफा (२),(४), र (७), दफा ६ को उपदफा (१), (५) र (६), दफा ७, र दफा ९ सँग सम्बन्धित)

<u>पदाधिकारी तथा सदस्यले पाउने पारिश्रमिक तथा सुविधा</u>

| क्र.सं. | सुविधाको किसिम | इकाई दर | सभामुख | उपसभामुख | प्रमुख प्रतिपक्षी दलको नेता | सत्तापक्षको प्रमुख सचेतक | प्रमुख प्रतिपक्षी दलको प्रमुख सचेतक र सभापति | सत्तापक्ष तथा प्रमुख प्रतिपक्षी दलका सचेतक | सदस्य |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | पारिश्रमिक | प्रति महिना रु. | ५३००० | ५०००० | ५०००० | ४९००० | ४९००० | ४७००० | ४५००० |
| २ | बैठक भत्ता | प्रति दिन रु. | ७५० | ७५० | ७५० | ७५० | ७५० | ७५० | ७५० |
| ३ | सञ्चार सुविधा (टेलीफोन, इन्टरनेट, पत्रपत्रिका) | प्रति महिना रु. | ३००० | २००० | २००० | २००० | २००० | १५०० | १५०० |
| ४ | आवास सुविधा | प्रति महिना रु. | उपलब्ध गराउने | उपलब्ध गराउने | १७००० | १५००० | १५००० | १५००० | १५००० |
| ५ | फर्निचर (पाँच वर्षको अवधिमा एक पटक) | एक मुष्ठ रु. | उपलब्ध गराउने | उपलब्ध गराउने (उपलब्ध नभएमा रु.२००००) | २०००० | २०००० | २०००० | २०००० | २०००० |
| ६ | सवारीसाधन/यातायात खर्च | वटा/ मासिक रु. | १ | १ | १ | १ | सवारी साधान (सवारी साधन उपलब्ध नभए रु.१५०००।- मासिक) | ७५०० (मासिक) | २५० (प्रति दिन) |
| ७ | सवारी इन्धन | प्रति महिना लि. | १५० | १२५ | १२५ | १२५ | - | - | - |
| ८ | मोविल | त्रैमासिक लिं | १० | ५ | ५ | ५ | - | - | - |
| ९ | बिजुली, धारा महशुल | प्रति महिना | २५०० | २००० | १५०० | १५०० | १५०० | १५०० | १५०० |
| १० | दैनिक भ्रमण भत्ता | प्रति दिन रु. | २५०० | २००० | २००० | २००० | २००० | २००० | २००० |
| ११ | विदेश भ्रमण गर्दाको दैनिक भत्ता | प्रतिदिन अमेरिकी डलर | २०० | १७५ | १७५ | १७५ | १७५ | १७५ | १७५ |
| १२ | यात्रा विमा | प्रतिभ्रमण रु. | १० लाख | १० लाख | १० लाख | १० लाख | १० लाख | १० लाख | १० लाख |

द्रष्टव्यः (१५ कि.मी. भित्र उपयुक्त घर भएकोमा यस अनुसूचीको क्र.सं. ४ बमोजिमको आवास सुविधा पाइने छैन् तर घर मर्मत सम्भार खर्च वापत वार्षिक रुपमा एकमुष्ट रु. ३०,०००।- (तीस हजार) उपलब्ध गराईने छ .

अनुसूची-२

(दफा ८ सँग सम्बन्धित)

**पदाधिकारी तथा सदस्यलाई दिइने अन्य सुविधा**

| क्र.सं. | सुविधाको किसिम | इकाई दर | सभामुख | उपसभामुख | प्रमुख प्रतिपक्षी दलको नेता | सत्तापक्षको प्रमुख सचेतक | प्रमुख प्रतिपक्षी दलको प्रमुख सचेतक र सभापति | प्रतिपक्षी दलका नेता र सत्तापक्ष दलका सचेतक | सदस्य |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | स्वकीय सचिव | जना | १(रा.प.तृतीय श्रेणी वा सो सरह)<br>१(रा.प.अनं. प्रथम श्रेणी वा सो सरह) | १(रा.प.अनं. प्रथम श्रेणी वा सो सरह) | १(रा.प.अनं. प्रथम श्रेणी वा सो सरह) | - | - | - | १(रा.प.अनं. प्रथम श्रेणी वा सो सरह) |
| २ | सूचना प्रविधि | जना | १(रा.प.अनं.द्वितीय श्रेणी वा सो सरह) | - | - | - | - | - | - |
| ३ | कार्यालय/आवास सहयोगी | जना | २(श्रेणी विहीन प्रथम स्तर) (कार्यालय/ आवास) | १(श्रेणी विहीन प्रथम स्तर) | - | - | - | - | - |
| ४ | हलुका सवारी चालक | जना | १(श्रेणी विहीन प्रथम स्तर) | १(श्रेणी विहीन प्रथम स्तर) | १(श्रेणी विहीन प्रथम स्तर) | १(श्रेणी विहीन प्रथम स्तर) | सवारी साधन प्राप्त भएमा १(श्रेणी विहीन प्रथम स्तर) | - | - |
| ५ | अतिथि सत्कार | प्रति महिना रु. | ७००० | ५००० | ५००० | - | - | - | - |

***द्रष्टव्य :***

१. स्वकीय सचिवालयका कर्मचारीहरुले पाउने सुरु स्केल अनुसारको तलबमात्र पाउनेछन् ।

२. स्वकीय सचिवालयका कर्मचारीहरुले यस ऐन बमोजिम प्राप्त गर्ने पारिश्रमिक निजहरुको बैंक खातामा उपलब्ध गराइनेछ ।

अनुसूची–३

(दफा १९ को उपदफा (१) सँग सम्बन्धित)

**शपथको ढाँचा**

म (सम्बन्धित सदस्यको पूरा नाम) ........................................ मुलुक र जनताप्रति पूर्ण बफादार रही सत्यनिष्ठापूर्वक प्रतिज्ञा गर्छु/देश र जनता/ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा रहेको नेपालको संविधानप्रति पूर्ण वफादार रहँदै प्रदेश नं. १ प्रदेश सभाको सदस्य पदको कामकाज प्रचलित कानूनको अधीनमा रही मुलुक र जनताको सोझो चिताई, कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई पदीय गोपनीयता कायम राखी ईमान्दारीका साथ गर्नेछु ।

मितिः–

दस्तखतः–

नाम, थरः–

प्रमाणीकरण मितिः- २०७५/०२/१३